बाल सन्दर्भसामग्री
बालबोध - ५८

# तीन धारा

(बाल-खण्डकाव्य)



891.495
CDC-t
2063

बाल सन्दर्भसामग्री

बालबोध - ५८

891.495
CDC-T
2063

# तीन धारा
# बाल-खण्डकाव्य

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा सुरक्षित

लेखन : रामबाबु सुबेदी
गोरखबहादुर सिंह
प्रभा भट्टराई

कार्यक्रम संयोजन : शम्भुप्रसाद दाहाल

सामग्री सम्पादन : रामबाबु सुबेदी

भाषा सम्पादन : गणेशप्रसाद भट्टराई
लोकप्रकाश पण्डित

आवरण तथा रूपविन्यास : हिमालय गौतम

चित्राङ्कन : राजुबाबु शाक्य 'शारब'
कमलेश महर्जन

ISBN: 99933-714-6-7

पहिलो संस्करण : वि. सं. २०६३

मुद्रण : चित्रवन प्रिन्टर्स प्रा. लि.
चितवन, ०५६-५३२७४८

Ac. 1075

# हाम्रो भनाइ

शिक्षणसिकाइ प्रक्रियालाई रुचिपूर्ण र प्रभावकारी बनाउन पाठ्यक्रम र पाठ्यपुस्तकको प्रयोगका अतिरिक्त विभिन्न प्रकारका शैक्षणिक सामग्रीको उपयोग आवश्यक हुन्छ । हाम्रो जस्तो देशमा पाठ्यपुस्तकलाई नै शिक्षणसि,काइको निर्वैकल्पिक पाठ्यसामग्रीका रूपमा प्रयोग गर्ने प्रचलन रहेको छ । तर विद्यार्थीको रुचि र क्षमताअनुसार उनीहरूभित्र लुकेर रहेको क्षमताको प्रस्फुटन गर्नका लागि शिक्षणसिकाइ प्रक्रियामा पाठ्यपुस्तकका अतिरिक्त विविध बाल सन्दर्भसामग्रीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसै तथ्यलाई दृष्टिगत गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न सघाउने उद्देश्यले यो बाल सन्दर्भसामग्रीको विकास गरिएको हो ।

प्राथमिक तहका बालबालिकाहरूको मनोवैज्ञानिक, संवेगात्मक तथा बौद्धिक स्थितिलाई लक्षित गर्दै विकास गरिएका यी सामग्रीहरूमा सरल भाषाको माध्यमबाट मनोरञ्जनात्मक पढाइ, शब्द ज्ञान, पठन गति, नवीन ज्ञान एवम् खोजपरक धारणाको विकास गरी सहपठनको बानीलाई प्रेरित गर्दै स्वअध्ययनमा निरन्तरता दिई उनीहरूले आर्जन गरेका असल सोच, प्रवृत्ति तथा व्यवहारलाई जीवन शैलीमा उतार्न सकून् भन्ने उद्देश्यसमेत राखी यो सामग्री विकास गरिएको हो ।


विगतका वर्षहरूमा विविध ५३ ओटा शीर्षकमा बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यस वर्षमा पनि अन्य ५ ओटा शीर्षकसमेत थप गरी हालसम्ममा ५८ ओटा सामग्रीहरू प्रकाशित भएका छन् । सामग्रीहरू सकेसम्म बहुआयामिक, सरल, तथा बोधगम्य तवरले निर्माण गर्ने प्रयास भएका छन् । यी सामग्रीको विकासमा सल्लाह, लेखन, संयोजन, सम्पादन, चित्राङ्कन, रूपविन्यास एवम् उत्पादन कार्यमा सहयोग प्रदान गर्नुहुने सम्बद्ध सम्पूर्ण महानुभावहरूलाई पाठ्यक्रम विकास केन्द्र धन्यवाद ज्ञापन गर्दछ । सामग्रीलाई अझै उद्देश्यमूलक, उपलब्धिमूलक एवम् गुणस्तरीयता प्रदान गर्ने प्रयासमा विद्यार्थी, शिक्षक, लेखक, अभिभावक एवम् बुद्धिजीवीबाट समेत थप सल्लाह र सुझावको अपेक्षा गर्दछौं ।


लक्ष्मीप्रसाद खत्री
कार्यकारी निर्देशक
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर


वि. सं. २०६३


# विषयसूची



| क्र. स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| ०१. | गँड्यौलो र पुतली | १ |
| ०२. | जुत्तेघरको मरम्मत | १५ |
| ०३. | म के बनूँ | २३ |




गँड्यौलो र पुतली
(बाल-खण्डकाव्य)
रामबाबु सुवेदी



सुन सुन मेरा प्यारा
साथीभाइ हो !
पुतली र गँड्यौलाको
एउटा कथा यो ।

जस्तो मैले सुनेको छु
भन्छु एकएक गरी
थाहा लाग्छ पुतलीको
रूप थरीथरी ।

पुतली र गँड्यौलाको
सँगै थियो बास
माटामुनि दुलोभित्र
फेर्थे लामो सास ।

थिएनन् ती दुवैका
आँखा, नाक, कान
थिएनन् हात खुट्टा
नाङ्गै थियो ज्यान ।

बाहिर थियो रमाइलो
खुला आकाश
गुम्सिएर भित्र बस्थे
थियो सकस ।

एक दिन फट्याङ्ग्राले
भन्यो तिनलाई
उड्नुपर्छ आकाशमा
हेर्दै संसारलाई ।


दुलाभित्र गुम्सिएर
कति बस्दछौ !
जिउभरि हिलो धुलो
किन घस्दछौ ?



बाहिर छ झलमल
भित्र अन्धकार
अँध्यारामा किन बस्छौ
रुँदै बारम्बार ।

माथिमाथि उड्दै जाँदा
कति घमाइलो
जतिजति माथि पुग्यो
त्यति रमाइलो ।

एउटै दुलो कुरेपछि
कहाँ देख्नु घाम
यताउति हिँड्नेलाई
नयाँनयाँ ठाम



फट्ङ्ग्राका कुरा सुनी
पुतली दङ्ग परी
यही कुरा त्यसले फेरि
गड्यौलासँग गरी ।

आकाशलाई छोऊँछोऊँ
लाग्यो मलाई
माथिमाथि उडौँ है
रमाई रमाई ।

कति बस्नु भुइँभित्र
गुजुमुजु भै
हे गँड्यौला ! हामी पनि
उड्न थालौँ है !

घिस्रिएर हिँड्दाहिँड्दा
थाकिसकेँ म
भुइँभित्र गर्मी धेरै
पाकिसकेँ म ।

परपर के छ कुन्नि !
हेरूँहेरूँ लाग्छ !
घुम्नेफिर्ने गरेपछि
डर पनि भाग्छ !

पुतलीका सबै कुरा
गँड्यौलाले सुन्यो
एकछिन चुप लाग्यो
मनमा केके गुन्यो ।


भन्यो त्यस्ले पुतलीलाई !
सुन मेरा साथी !
खतरा छ जताततै
खतरा छ माथि ।

आकाशमा गड्याङगुडुङ
सुनेको छु मैले
त्यति चर्को केको आवाज
बुझ्नुपर्छ पैले ।



एउटा बास पाएकै छौं
बसौं यसैमा
परपर जानुहुन्न
बिनामेसैमा ।

यै दुलो संसार हाम्रो
यै दुलो हो घर
यै दुलोमा बसौं हामी
छैन यहाँ डर ।



पुतलीको आनीबानी
कस्तो चञ्चले
उड्न मन गर्छे सधैँ
बस्दिन सन्चले ।

फट्याङ्ग्राले उचाल्दियो
चन्चलेलाई झन्
हिजोभन्दा आज अझै
छट्पट् उसको मन ।

चन्चलेले साथीलाई
सम्झाउने गर्छे
नयाँ ठाउँ जाऊँ साथी
घुमौँ डुलौँ भन्छे ।

गोबरका थाप्राभित्र
दुर्गन्ध छ धेर
दुर्गन्धलाई छोड्न अब
गर्नुहुन्न बेर ।

गुटुमुटु लुटुपुटु
खै ! फुकेको ज्यान !
उड्नुपर्छ हामी पनि !
गरौँ यही ध्यान ।

पुतलीका नानाथरी
कुरा सुनेर
गँड्यौलाले भन्यो फेरि
भित्र गुनेर ।

म त कतै जान्नँ साथी !
बस्छु माटामा
तिमी पनि कतै नजाऊ
अर्को बाटामा ।

चिसो माटो भएको ठाउँ
मलाई राम्रो लाग्छ
हेर यस्तै माटोभित्र
हाम्रो वंश जाग्छ ।

हामी बसे ठाउँमा
बाली हुन्छ राम्रो
त्यसैले त मानिसले
गुन मान्छन् हाम्रो ।



तिम्रो जाने मन भए
जाऊ खुसी हुँदै
हाँसीहाँसी घुम्नुडुल्नु
नबस्नू है रुँदै ।

के भनेर सम्झाऊँ म
प्यारो साथीलाई
यहाँ बस्न मन छैन
यस्तो सकस पाई ।

मेरो मन पुगिसक्यो
डाँडापाखामाथि
के गरी बुझाऊँ म
कस्तो मेरो साथी ।

सुखदु:खको साथीलाई
एक्लै पारेर
बिदा हुने कसरी हो
माया मारेर !




दोधारमा परेँ म त
जाऊँ कि नजाऊँ
मुखैमा पुगेको गाँस
खाऊँ कि नखाऊँ ।

ए गँड्यौला ! अझै सोच
सोच एकै छिन
आँट गरे पक्कै आउँछन्
आनन्दका दिन ।

सीधासाधा किरो हुँ म
बस्छु एक ठाम !
आफ्नो ठाउँ भुलिजाने
त्यस्ताको के काम ।

बोटबिरुवा गोडमेल
मेरो कर्म हो
जहाँ जन्मे त्यहीं मनु
मेरो धर्म हो ।



कसैलाई टोक्दिनँ म
केही बिगार्दिनँ
अरूको म भलो गर्छु
बाचुन्जेलसम्म

भगवान्‌ले दिएको काम
गर्छु म त हेर
तिमी जाने मन भए
नगर त बेर ।


तिमीसँग अब मेरो
भन्नु छैन क्यै
हे पुतली तिमीले नि
नबिर्सनू है ।

गँड्यौलाका कुरा सुन्दा
पुतलीको मन
अल्मलियो निकैबेर
ढिलो भयो झन् ।


साथीसँग बिदाबारी
भई पुतली
त्यहाँबाट कताकता
गई पुतली ।



माथिमाथि उड्दै जाँदा
उसले पाइन बास
तर पनि पुतलीले
गरी रही आश



भोक, तिर्खा थकाइले
पारे हैरान
तर पनि पुतलीले
हरेस खाइन ।



एकदिन भमराले
भेट्यो उसलाई
पुतलीले त्यसपछि
बल्ल मेसो पाई ।

भमराले मीठो बोली
बोल्यो यसरी -
हे पुतली ! फूलबारीमा
आयौ कसरी ?

फूलबारीमा फुलेका छन्
रङ्गीचङ्गी फूल
यै फूलमा भुलेका छन्
माहुरीका हूल ।



मैले पनि फूलैसित
माया गाँसेको
फूलबारीमा सारा संसार
हेर हाँसेको ।

दुवै आँखा खोलीकन
हेर पुतली
रङ्गीचङ्गी लुगा लाऊ
तिमी पुतली ।

अनि हामी नाच्नुपर्छ
प्वाँख खोलेर
आपसमा मिल्नुपर्छ
मीठो बोलेर ।

पुतलीका तपस्याले
खुसी भगवान्
उनका जिउमा भरिदिए
आँखा, नाक, कान ।

पुतलीका मिहिनेतले
खुसी भगवान्
उनका जिउमा जोडिदिए
पँखेटीका थान ।



पुतलीको हिम्मत देखी
खुसी भगवान्
पुतलीको बढाइदिए
इज्जत र मान ।

तपस्या नै ठूलो रै'छ
भन्छे पुतली
आँटेपछि पुग्दो रै'छ
भन्छे पुतली ।

तँ आँट म पुऱ्याउँला !
भन्छन् भगवान्
बल्ल आज भयो उसलाई
यो कुराको ज्ञान ।

जमिनमुनि सलबल
गड्यौलाको चाल
मलिलो भो माटो
बाली मालामाल


घुमिहिँड्ने पुतलीको
अर्कै ढङ्ग चाल
पुतलीका फूलबारीमा
बास्ना फालाफाल ।



फट्याङ्ग्राको देखिएन
त्यति राम्रो चाल
फड्को मारी हिँड्नुपर्ने
यस्तै यस्को हाल ।

परिश्रमले पुतली
उड्यो माथिमाथि ।
हामी पनि श्रम गरौं
हेर सबै साथी !

परिश्रम गर्नुपर्छ
गर्नुपर्छ काम
जसले धेरै काम गर्छ
चल्छ उसको नाम ।


जुत्तेघरको मरम्मत
बाल-खण्डकाव्य
गोरखबहादुर सिंह



पाटनको एउटा टोल
टोल नजिकै
एउटा साझा चोक थियो
टोलभरिकै ।

गफ गर्न, घाम ताप्न
सारै खासा चोक
थिएन रे कसैलाई
आउन-जान रोक ।

धुलोमुलो थुप्रिएको
एउटा कुनामा
थियो एउटा बुट जुत्ता
त्यही कुनामा ।

जुत्ताभित्र मुसेभाइको
सानो परिवार
परिवारलाई त्यो जुत्ताले
गर्थ्यो रखबार ।

तर जुत्ता पुरानो
तुना छिनेको
धेरै वर्ष भा'को थियो
त्यस्लाई किनेको ।

सानो ठूला प्वाल कतै
कतै टालेको
थोत्रिएरै होला त्यसलाई
त्यहाँ फालेको ।



जुत्ता छोडोस् मुसेभाइको
घरै थिएन
बसोस् भने के हुने हो
भरै थिएन ।




चर्को घामले कैले मुसा
काड्थे पसिना
जुत्ताभित्र फट्याक्-फुटुक्
पर्थे असिना ।

निथ्रुक्कै पार्थ्यो कैले
दर्के झरीले
थरथरी पार्थ्यो कैले
हावाहुरीले ।



मुसे भाइलाई अझ ठूलो
थियो झमेला
सताउँथ्यो बिरालाले
बेलाकुबेला ।



यसरी कि उसरी कि !
खाऊँ कसरी !
जुत्ताघरे चिल्ला मुसा
भ्याऊँ कसरी !

घुम्थ्यो हेर्दै जोखाना
कालो बिरालो
मुसाको परिवारलाई
थियो पिरलो ।

सधैँभरि हेरिराख्थ्यो
बिरालाले दाउ
मुसेभाइको घरछेउमा
गर्थ्यो ङ्याउँ-ङ्याउँ


एकदिन सबै मुसा
भेला भएछन्
अब कसो गर्ने ! भनी
छलफल गरेछन् ।

छलफल गर्दा सबैको
मत मिलेछ
जुत्तेघरको मर्मत गर्ने
निधो भएछ ।



सुरु गरे मर्मतको
काम फटाफट
आफ्नो-आफ्नो काम गर्न
थाले सटासट ।

कोही थाले ढोका कुँद्न
केहीले कुँदे झ्याल
कोही हातमा सियो समाई
टाल्न थाले प्वाल ।



कतै आरा सार्रसुर्र
रङरोगन कतै
कामकै छ चापाचाप
जता हेऱ्यो त्यतै ।


बिहानदेखि साँझसम्म
कामकै मारामारी
कामैकामले मुसाबाका
बढे जुँगादारी ।



कमेराले भित्ता पोते
छानो राखे टिनको
मरीमरी काम गरे
सत्र घण्टा दिनको ।

तुना बाँध्ने प्वालमा नै
ढोका बलियो
मूलढोकामा पहेँलो
रङ दलियो ।


थियो बूढाबूढीलाई
सुरक्षाको ख्याल
त्यसैले त सानासाना
राखे आँखीझ्याल ।



सबै काम राम्रो भयो
गरी मिलिजुली
घर भयो बलियो र
राम्रो झिलिमिली ।

सिरेटोले सताउने
बाधा अब टर्‍यो
ठिहिरोले कठ्याउने
पीर पनि मर्‍यो ।

नयाँ घरमा आनन्दले
बसे मुसा मित्र
बाहिर भने चर्को घाम
शीतल घरभित्र ।


म के बनूँ
(बाल-खण्डकाव्य)
प्रभा भट्टराई



माया गर्थे सबैले
म सानो हुँदा
यसको राम्रो भाग्य छ
भन्थे जोतिष बा ।

जोतिष बाका कुराले
आमाबाबा ढुक्क
दक्षिणा लिई जोतिष बा
घर जान्थे खुरुक्क ।

आमाबाको सल्लाह
मलाई केके पढाउने !
कुन बाटो रोजेर
अघिअघि बढाउने ?

बाबा भन्ने मलाई
बनाउँछु डाक्टर
आमा भन्ने हैन है !
बन्छ यो त मास्टर ।

कालो कोट लाएर
बन्छ बाबु वकिल
गायक पो बन्छ कि !
स्वर यसको कोकिल ।


हैन हैन बन्छ यो
शास्त्र लेख्ने पण्डित
न्यायाधीश भई खराबलाई
गर्छ यसले दण्डित ।

मेरो सानो बाबुले
गर्छ ठूलो व्यापार
व्यापारमै नाफा छ
व्यापारै छ अपार ।

कोही भन्थे मलाई
यसको नाम ठूलो होस्
कलमजीवी कवि वा
लेखक, कलाकार बनोस् ।

खेतबारी छँदै छ
यै नातिले कमाउँछ
पौरख गर्छ नातिले
हलो पनि समाउँछ ।

खेतिपाती नगरे
खान लगाउन पाइन्न
भन्नुहुन्छ हजुरबाबा
जागिर व्यापार चाहिन्न ।





कोही भन्थे मलाई
ब्न्छ यो त खेलाडी
दर्शकबाट पाउँछ
हाईहाई र थपडी ।

छिमेकीले भन्दछन्
यसको राम्रो आदत
भलो गर्छ अरूको
गर्छ चाहिँदा मद्दत ।



कोही भन्छन् मलाई
अभिनेता बन्छ यो
निधार छ फुकेको
भाग्यशाली हुन्छ यो ।


काका भन्छन् मलाई
सेवा गर्छ यसले
सुख पाउँछन् दुनियाँ
सुख पाउँछ देशले ।



आए भने जैले नि
ठूलो मान्छे घरमा
एउटै प्रश्न गर्दछन्
बोल्नै पर्ने करमा ।

बाबु ! ठूलो भएर
भन तिमी के बन्ने ?
यति सानो मान्छेले
के बुझेर, के भन्ने !

वरिपरि बसेर
सबै गर्छन् इसारा
कति थोक बन्ने खै !
आफू एक्लो बिचरा !



बल्लतल्ल कखरा
राम्रोसँग चिन्दै छु
हात छुटाई आमाको
बल्ल आफैँ हिँड्दै छु ।

ठूलाठूला सपना
ठूलाठूला तर्कले
थिचेका छन् मलाई
चिन्ताले र हर्कले ।



विषयको तानातान
जैले पनि घरमा
मैले पढ्नुपर्दछ
अरूको नै करमा ।




बाबालाई अङ्ग्रेजी
दाजुलाई हिसाब
कतिको मन बुझाऊँ
देऊ मलाई निसाफ !

दिदी भन्छिन् मलाई
कमजोर भो नेपाली
पढ्नुपर्छ हे भाइ !
तैँले फुर्ती निकाली ।

सबैको छ मनमा
एउटा एउटा चाहना
बबुरो म सानो छु
मेरो आ□नै सपना ।

अल्मल भो धेरै नै
मन साह्रै दिक्क भो
कल्ले आई बताउला
एउटा बाटो ठिक्कको !

गर्न केके सकिन्छ !
सोच्नुपर्‍यो म पनि
आफ्नै मनले देख्नु छ
भोलिको त्यो सपनी ।

सानुसानु छु ऐले
बुद्धि पनि सानु छ
यही सानु बुद्धिले
माथिमाथि जानु छ ।


मेरै निम्ति सबैले
गरेका हुन् चिन्तापिर
तर ज्यादा चिन्ताले
रन्थनिन्छ सानो शिर ।

'ठूलो बन् तँ !' भनेर
कोही ठूलो बन्छ र !
राम्रो मान्छे नबनूँ
खै ! कसले भन्छ र !



सोचविचार गरेर
साँचो कुरा भन्छु म
ठूलो मान्छे होइन
असल मान्छे बन्छु म ।

एउटा कुरो मनमा
लाग्यो भनौंभनौं झैं
जस्लाई देख्यो फुर्तिलो
उस्तै बनौंबनौं झैं ।



काका हाम्रा शिक्षक
गाउँमा शिक्षा फैलाउन
शिक्षक नै बनूँ कि !
यै पेसा हो उत्तम
बाआमालाई भनूँ कि !

देख्दा निकै फुर्तिला
तल्लाघर ठुल्दाइ
सिपाइ नै बनूँ कि !
जस्तो लाग्छ मलाई ।

मामा ठूलै नेताजी
हुनुभा'छ भन्दै छन्
देशविकास गर्नलाई
राम्रा नेता चाहिन्छन् ।

यही विचार बोकेर
नेतै बन्छु म पनि
देश राम्रो बनाउने
आउँछ मनको सपनी ।

बाटोघाटो बनाउने
एउटा इन्जिनियर
देख्दा लाग्यो मलाई
त्यस्तै बन्ने रहर ।

वैज्ञानिक बनौँ कि !
बनौँ राम्रो डाक्टर
उडाइदिऊँ कि जहाज !
गुडाइदिऊँ कि ट्र्याक्टर ।




कलाकार बनौँ कि !
बनौँ कवि लेखक
बनौँबनौँ लाग्दछ
सच्चा राष्ट्रसेवक ।



गरूँ कि म उद्योग
कि त गरूँ व्यापार
मन भन्छ यसरी
दोधारमा नपार ।

राम्रो लाग्छ यो पनि
त्यो पनि त राम्रो छ
राम्रो जति आफ्नै होस्
भन्ने बानी हाम्रो छ ।



आमा मेरी सजिली
मन बुझ्न सिपालु
भन्नुहुन्छ लक्ष्य ठूलो
लिई हिँड्नू ए बाबु ।



थाम्नुपर्छ तिमीले
अभिभारा भोलिको
कर्मठ भै कामको
पक्का भई बोलीको ।

तिमी अझ सानै छौ
धेरै पढ्नु-लेख्नु छ
बाटो राम्रो लिए नै
शिखरमा पुगिन्छ ।

मिहिनेती मान्छेलाई
सानोठूलो छैन क्यै
बरालिँदै यत्तिकै
हिँड्नु मात्र हुन्न है !

गरिन्छ नि उन्नति
आफ्नै प्यारो देशमा
मिहिनेती, इमान्दार
हुँदा आफ्नो पेसामा ।

भाँडाकुँडा माटाका
बनाउँछन् कुमाल
सूचीकार सिउँछन्
बुट्टे-झुम्के रुमाल ।

सूचीकार जान्दैनन्
भाँडाकुँडा बनाउन
कुमालेलाई गाह्रो छ
राम्रा लुगा सिलाउन ।

जस्को रुचि जेमा छ
त्यस्तै काम गर्नु छ
आफ्ना आफ्ना खुबीले
रित्ता डाला भर्नु छ ।



चारैतिर उज्याला
देखेकै छौं किरण
ढुक्क भई हे बाबु !
जे बन्ने हो त्यै बन ।



# कठिन शब्दका अर्थ

अन्धकार = अँध्यारो
अपार = पार पाई नसकिने
अभिनेता = अभिनय गर्ने, नायक
अभिभार = जिम्मेवारी
अरिङ्गाल = विषालु किरो
अलमल = ढिलाइ
असिना = बरफका डल्ला
आँखीझ्याल = साना प्वाल भएको झ्याल
आँगनी = सानो आँगन
आँट्नु = काम गर्ने अठोट गर्नु
आकाश = सगर
आखिर = अन्तमा
आनन्द = खुसी, प्रसन्नता
आनीबानी = बानीबेहोरा
आरा = ठूलो करौँती
इज्जत = आदर, मान
इन्जिनियर = निर्माण विषयको ज्ञाता
इमान्दार = बोलेको कुरा पुऱ्याउने
इसारा = सङ्केत
उचाल्नु = उक्साउनु
उत्तम = सबैभन्दा असल
उद्योग = उद्यम, रोजगार, इलम
उन्नति = प्रगति
उपल्लो = माथिल्लो, माथ्लो
कठ्याउनु = चिसोले कक्रक्क पार्नु
कताकता = कहाँकहाँ
कमजोर = निर्बल, दुर्बल
कमाउनु = आर्जन गर्नु
कमेरो = सेतो माटो
कर = जबर्जस्ती
कर्मठ = ज्यान दिएर काम गर्ने
कलाकार = मूर्ति, चित्र आदि बनाउने
कवि = कविता लेख्ने व्यक्ति
कहनु = भन्नु
किरण = ज्योति, रश्मि, कान्ति
कीरो = कीट, सानो जीव
कुँद्नु = बुट्टा भर्नु
कुनो = भित्तानेरको भाग
कुबेला = कुसमय
कुमाल = माटाका भाँडा बनाउने व्यक्ति
कुल्चिनु = खुट्टाले टेक्नु
खतरा = सम्भावित बिपत्ति
खप्नु = सहनु

खासा = बेस, राम्रो

खील = बिषालु काँडो वा आरो

खुबी = योग्यता, विशेषता

खुम्चनु = मुजा पर्नु

खुरुक्क = सजिलैसित, सुरुक्क

खुसी = आनन्द, हर्ष

ख्याल = ठट्टा

गँड्यौलो = घस्रिएर हिँड्ने किरो

गड्याङगुडुङ = बादल ठोक्किँदाको आवाज

गफ = बिनाकामका कुरा

गम्नु = विचरा गर्नु, सोच्नु

गाड्नु = खाल्टामा हालेर पुर्नु

गाढा = ज्यादै, चम्किलो

गाह्रो = असजिलो

गीतकार = गीत रच्ने मानिस

गुजुमुजु = गुजुल्टिएको अवस्था

गुटुमुटु = खुम्चिएको अवस्था

गुन्नु = विचार गर्नु, गुणा गर्नु

गोबर = गाईभैँसीको मल

गौमाता = गाई

घण्टा = साठी मिनेटको समय

घमाइलो = घाम लागेको, पहारिलो

घाम = सूर्य

घिस्रिनु = भुइँमा घस्रिएर हिँड्नु

घोट्नु = रगेड्नु

चन्चले = चुल्बुले

चर्को = कडा, ज्यादै

चापाचाप = कामैकाम

चाल = ढङ्ग, व्यवहार

चाहना = इच्छा

चिटिक्क = छाँट परेको

चिन्ता = पिर

चिल्लो = चिप्लो

चेत = ज्ञान, होस

चोक = ठूलो आँगन

चोट = घाउ

चोली = चौबन्दी

छलफल = विचारविमर्श

छानो = छत

छिन = क्षण, थोरै समय

छिन्नु = चुँडिनु

छुट्नु = छोडिनु, बाँकी रहनु

छुसी = जाबो, जैरे, तुच्छ

जड्नु = उन्नु, गाँस्नु

जताततै = चारैतिर

जाति = जात

जीउ = शरीर

जुँगा = उपल्लो ओठमाथिका रौँ

जुक्ति = उपाय

जुटाउनु = जम्मा गर्नु

जुत्ताघरे = जुत्ताको घरमा बस्ने

जुठो = खाएर बाँकी रहेको कुरा

जोखाना = साइत, अनुकूल

ज्ञान = जानकारी, तत्त्व बोध

ज्यान = शरीर, जिउ

ज्योति = प्रकाश, रश्मि

ज्योतिषी = ग्रहनक्षत्रका ज्ञाता

झन्झनिनु = झन्नझन्न हुनु

झमेला = झन्झट

झम्के = झुम्का भएको

झरी = बर्सात्, वृष्टि

झलमल = पूरै उज्यालो

टर्नु = निर्वाह हुन, गुज्रनु

टालो = फाटेका ठाउँमा टालेको कपडा

टिन = जस्ता

टोल = सहरभित्रको एक बस्ती

टोलाउनु = एकोहोरो हुनु

ट्याक्टर = जोत्ने यन्त्र

ठिक्क = भनेजस्तो

ठिहिरो = कक्रयाउने जाडो

ठेस = ठक्कर

गड्याङगुडुङ = डरलाग्दो आवाज

डर = भय, त्रास

डाला = चोयाको भाँडो

ढाडे = ढड्डु, भाले बिरालो

ढुक्क = निर्धक्क

तपस्या = एकचित्त भएर गरिने कर्म

तर्क = बहस, छलफल

तल्लो = मुनिको, तल्लिरको

ताल = छाँट, ठूलो पोखरी

तिर्खा = पानी खाने इच्छा, प्यास

तुनो = दौराभोटाको लुर्के बन्धन

थकाइ = थकावट

थरथरी = लगलग

थरी = किसिम, प्रकार

थात = बस्ने ठाउँ, बासस्थान

थाप्रो = पशुको बिष्ठाको थुप्रो, गोबरको रास

थाम्नु = अठ्याइराख्नु

थुप्रनु = जम्मा हुनु

थोक = चीज, वस्तु, कुरा

दक्षिणा = टिको लगाएर दिइने पैसा

दण्डित = सजाय दिइएको

दर्के = मुसलधारे

दल्नु = रङ लगाउनु

दाउ = मौका

दाह्री = दारी, दाडी

दिक्क = खिन्न

दिल = मन, चित्त

दु:खदायी = दु:ख दिने

दुर्गन्ध = नराम्रो गन्ध

दोधार = दोमन

धरालो = कुरुवा, हेरविचार गर्ने

धर्काधर्की = धर्साधर्सी

धागो = रुवा कातेर बनाइएको डोरो

धार = धारा, प्रवाह

धेरै = ज्यादै, बहुतै

ध्यान = तपस्या

नयाँ = नौलो, नवीन

नाना = किसिम-किसिमको, लुगा

नाफा = मुनाफा लाभ

नाल = फोहोर पानी बग्ने ढल

निकै = धेरै, ज्यादै

निथ्रुक्क = बेसरी भिज्ने गरी

निधो = अन्तिम निर्णय, ढुङ्गो

निरै = नजिकै

निसाफ = न्याय

नीलो = गाढा आकासे रङ

नेता = नाइके

पक्का = निधो, मजबुत

पण्डित = विद्वान्

परपर = टाढाटाढा

परिपञ्च = परिपाठ

परिवार = जहान

पसिना = रौंका जराबात निस्कने पानी

पाखो = भिरालो जमिन

पाटन = ललितपुर

पाताल = पृथिवीभन्दा तलको लोक

पारि = पल्लोपट्टि, पार

पिरलो = मनको ताप

पिर = चिन्ता

पुरानो = पहिलेको

पुर्खा = बाबुबाजे, जिज्यू

पुर्पुरो = निधार, ललाट, भाग्य

पेसा = व्यवसाय, इलम

पोत्नु = लिप्नु

पौरखिली = पुरुषार्थी

प्रयास = प्रयत्नु, कोसिस

प्वाँख = पखेँटा

प्वाल = दुलो
प्रहरी = पहरेदार, पुलिस
पृथिवी = जमिन, धर्ती
फकाउनु = मनाउनु
फड्कनु = उफ्रेर नाघ्नु
फटाफट = सटासट, चाँडोचाँडो
फट्याक-फुटुक = फाटफुट
फट्याङ्ग्रो = फड्केर उड्ने किरो
फनफनी = फनफन्ती, फनफन
फालाफाल = चाहिनेभन्दा बढी
फुक्नु = फैलिनु, मुक्त हुनु
फुट्नु = टुट्नु, टुक्रिनु
फुनु = फुकाल्नु, गाँठो खोल्नु
फुरुक्क = फुरुङ्ग, दङ्ग पर्नेगरी
फुर्ती = फुइँफाइँ
बबुरो = मायालाग्दो, बिचरो
बरालिनु = बहकिनु
बलियो = बल भएको
बल्ल = धेरै समयपछि, मुस्किलले
बहना = डुङ्गा खियाउने साधन
बाटोघाटो = मार्ग हिँड्ने बाटो
बाधा = रोकावट
बानी = स्वभाव, आदत

बाफ = पानी तातेर उडेको धुँवा
बारम्बार = लगातार, बार बार
बारुलो = अरिङ्गाल जातको किरो
बास = बस्ने ठाउँ
बास्ना = सुगन्ध
बिचरो = माया लाग्दो
बिदाबादी = बिदा हुने काम
बिनामेसै = मेसो नमिलाईकन
बिराम = दोष, अपराध
बिर्ता = बहादुरी गरेबापत दिइने जग्गा
बुट्टे = बुट्टा भएको
बेपार = किनबेचको काम, व्यवसाय
बेर = अबेर बियालो
बेला = समय, टाइम
बेलाउनु = खरिद गर्नु, झञ्झट मोल्नु
भगवान् = परमेश्वर, ईश्वर
भमरो = फूलको रस चुस्ने किरो
भविष्य = पछि आउने समय
भर = आधार, आड, भरोस
भाँडाकुँडा = भाँडावर्तन
भाग्य = पुर्पुरोमा लेखिएको कुरा
भाग्यशाली = भाग्य भएको
भान्सा = खाना पकाउने ठाउँ

भार = बोझ
भिज्नु = रुझ्नु
भित्तो = पर्खालको पाटो
भूल = गल्ती
भेला = जम्मा हुनु
भोक = खाने इच्छा
भोज = भतेर
भोट = मत
भोलिपल्ट = आउने दिन
भ्याउनु = सक्नु
भ्रष्टाचार = घुस खाने काम, आचारहीन
मन = दिल, हृदय
मन बुझ्नु = हृदयले स्विकार्नु
मनमनै = अरूले नसुन्ने गरी
मरीमरी = कडा परिश्रमका साथ
मर्मत = पुरानो चीज सज्ने काम
मल = जनावरको विष्ठा, गुहु
मलखाद = मलको थुप्रो
मलिलो = उब्जाउ हुने खालको
मान = आदर, सम्मान
मानभाउ = आदर-सम्मान
माया = प्रेम, प्यार
माया गर्नु = प्रेम गर्नु
मार = आघात, चोट, प्रहार
मात्र = केबल
माहुरी = मह जम्मा गर्ने किरो
मिलीजुली = आपसमा मिलेर
मुसुक्क = हँसाइको किसिम
मुहार = अनुहार, आकृति
मूल = मुख्य, मुहान
मूलढोका = मूलद्वार
मेसो = तरिका
मिहिनेती = परिश्रमी
मोज = मज्जा, आनन्द, चैन
रखबार = सुरक्षा गर्ने काम
रङ्गीचङ्गी = झिलिमिली, रङ्गीचङ्गी
रछ्यान = रछ्यान, जुठेल्नु
रन्थनिनु = चोटले छट्पटिनु
रहर = इच्छा, दाल जातको अन्न
राष्ट्र = देश, मुलुक
रुचि = चाहना, भोक
रोक = रोक्ने काम
रोगन = रङ्गाउने पदार्थ
लुटुपुटु = लुटपुटिने किसिम
लुर्के = लुर्को लर्किएको
वकिल = कानुन व्यवसायी

वैज्ञानिक = विज्ञान जान्ने

व्यापार = किननेबेच्ने काम

शान = इज्जत, भाउ

शास्त्र = विद्या

शिखर = चुचुरो, टुप्पो

सुरु = प्रारम्भ

सकस = हैरानी

सञ्च = आनन्द

सरासर = कहीं नभुलीकन

सताउनु = दु:ख दिनु

संसार = संसार, विश्व

सपना = निद्रामा देखिने दृश्य

सल्बलाउनु = चलमलाउनु

सारी = फरिया

सार्रसुर्र = यताउता चल्नुको किसिम

सिदा = बाटा खर्च

सिपाही = सेनाको सानो कर्मचारी

सिरेटो = चिसो बतास

सिर्जना = रचना, सृष्टि

सुइनु = नयाँ विचार उब्जनु

सुटुक्क = अरूले चाल नपाउने गरी

सुरक्षा = रक्षा

सेवक = अरूको सेवा गर्ने

हरेस = निरास

हर्क = खुसी

हाल = अवस्था, खबर, हालत

हिक्मत = साहस

हिस्स = डिंच्च

हूल = जमात, समूह

हैरान = वाक्क, दिक्दार

Ac. 1075



99933-714-6-7